भिमाद नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भिमाद,तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.:-०७६।०७७
च.नं.:-

फोनः०६५-५७२४३६

मितिः २०७६/११/२९

## विषयः सेवा करारमा लिने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा भिमाद नगरपालिका, नगरकार्यपालिकाको निर्णय एवं यस कार्यालयको विज्ञापन प्रकाशन तथा पदपुर्ति समितिको निर्णय अनुसार यस भिमाद नगरपालिका अन्तरगत देहायका पदहरुमा सेवा करारमा लिनु पर्ने भएकोले सेवा करारमा काम गर्न ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपशिलका कागजात सहित निवेदन दिन दरखास्त आह्वान गरिन्छ।

तपसिल

१) विज्ञापन नं.९/०७६/०७७ आधारभूत स्वास्थ्य सेवा केन्द्र भिमाद न.पा.वडा नं. ३ को लागिः

| क्र.सं. | पद | श्रेणी/तह | आवश्यक पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अ.हे.व | सहायक चौथो | १ | |
| २ | अ.न.मी | सहायक चौथो | १ | |
| ३ | कार्यालय सहयोगी | श्रेणीविहिन | १ | |

२) विज्ञापन नं.१०/०७६/०७७ वोमाटार सामुदायिक स्वास्थ्य इकाइ भिमाद न.पा-वडा नं. १ को लागिः

| क्र.सं. | पद | श्रेणी / तह | आवश्यक पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अ.हे.व | सहायक चौथो | १ | |

३) विज्ञापन नं.११ भिमाद नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, भिमादको लागिः

| क्र.सं. | पद | श्रेणी / तह | आवश्यक पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | असिष्टेन्ट सव-ईन्जिनियर | सहायक चौथो | २ | |

**४. अ.हे.व र अ.न.मी. पदको लागि आवश्यक न्युनतम योग्यता एवं कागजातहरुः-**

क. अ.हे.व.को लागि मान्यता प्राप्त शिक्षण संस्थावाट अ.हे.व कोर्स उतिर्ण भएको र नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको।

ख. अ.न.मी.को लागि मान्यता प्राप्त शिक्षण संस्थावाट अ.न.मी कोर्स उत्तिर्ण भएको र नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको।

ग. प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनुपर्नेछ, घ. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

ङ. निवेदन दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ, महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ,

च. अनुभव भए सोको प्रमाण पत्र ।

**५. असिष्टेन्ट सव-ईन्जिनियर पदको लागि आवश्यक न्युनतम योग्यता एवं कागजातहरुः-**

क. मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी.वा सो सरह उतिर्ण गरी सम्वन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयवाट सम्वन्धित विषयमा टि.एस.एल.सी. उतिर्ण भएको हुनुपर्ने र सम्वन्धित विषयमा माथिल्लो योग्यता भएकोलाई प्राथमिकता दिइनेछ ।

ख. प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनुपर्नेछ,

ग. निवेदन दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ, महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ,

घ. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, ङ. अनुभव भए सोको प्रमाण पत्र ।

**६. कार्यालय सहयोगी पदको लागि आवश्यक योग्यता एवं कागजातहरुः-**

क. कक्षा ८ पास भएको हुनुपर्नेछ । ख. प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनुपर्नेछ ।

ग. निवेदन दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

घ. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी । ङ. अनुभव भए सोको प्रमाण पत्र ।

**७. दरखास्त दस्तुरः** अ.हे.व./अ.न.मी./असिष्टेन्ट सव इन्जिनियर पदको लागि रु.४००। र कार्यालय सहयोगीको लागि रु.२००।

**८. परिक्षाको किसिमः-** अन्तवार्ता **९. परिक्षा मितिः-** दरखास्त लिने म्याद सकिएको भोलिपल्ट तोकिने छ।

**१०. सेवा सुविधाः-** करार सम्झौता अनुसार हुनेछ ।

(नोटः निवेदन गर्दा विज्ञापन नम्बर, कार्यालय र स्थान स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।)